# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 04.01.2025**

## C M

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यवासीलाई आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्न आग्रह गर्नुभएको छ। उहाँले भन्नुभएको छ, सबै जातिले आ-आफ्नो भाषा बोल्न सिक्नुपर्छ, भाषा जातिको सभ्याताको प्रतीक हो यसैले हामीले आफ्नो भाषालाई माया गर्नुपर्छ, यसको जगेडा गर्नुपर्छ।

आज पश्चिम सिक्किमको गेजिङ जिल्ला अन्तर्गत गाङ्ग्यापमा नाम-अल-नामसुङ उत्सव समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो, "सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकारले हरेक धर्म र जातिलाई मान्यता दिएको छ। विभिन्न जातजातिका संस्कृति, परम्परा, भाषा, साहित्य र लोककलाको संरक्षण गर्न सरकारले हर सम्भव सहायता गरेको जानकारी उहाँले दिनुभयो।

मुख्यमन्त्रीले भन्नुभयो, कुनै पनि जातिको संरक्षण गर्न त्यस जातिको भाषालाई जीवित राख्न आवश्यक हुन्छ।

क्षेत्रको विकासका सन्दर्भमा उहाँले याक्सोम टाशीडिङ निर्वाचन क्षेत्रमा आगामी दिनमा बर्फुङ याङताम लाभदाङ सडक निर्माण गर्ने अनि लेप्चा जनजाति सामुदायिक भवन निर्माण गर्ने बताउनुभयो। उहाँले तारा देवी डोल्माको मूर्ति यसै क्षेत्रमा निर्माण गर्ने बताउनु भयो।

पश्चिम सिक्किमको गेजिङ जिल्ला अन्तर्गत याक्सोम टाशीडिङ निर्वाचन क्षेत्रको गाङ्ग्यापमा नाम-अल-नामसुङ उत्सव आज सम्पन्न भयो। समारोहमा राज्यका मुख्य मन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । उहाँको साथमा राज्यका मन्त्री मण्डलका सदस्यगण, विधायकगण लगायत अन्य गन्यमान्य व्यक्तित्वहरू एवं स्थानीय नागरिकको उपस्थिति रहेको थियो। कार्यक्रममा लेप्चा जातिको पारम्परिक खानपान, लोक परम्परा तथा संस्कृतिलाई प्रदर्शनमा गरिएको थियो।

## राज्यपाल

शुक्रबार राज्यका राज्यपाल श्री ओमप्रकाश माथुरले डोकलाम क्षेत्रको भ्रमण गर्नुभयो। साँढे 15 हजार फीट उचाईमा रहेको डोकलाममा 2017 मा भारत-चीनको विवाद भएको थियो। राज्यपालले क्षेत्रको निरीक्षण गर्दै सैन्य अधिकारी र जवानहरूसित बातचीत पनि गर्नुभयो। उहाँले भारतीय सैनिकको वीरता, साहस अनि समर्पणको प्रशंसा गर्नुभएको थियो।

यस अवसरमा राजस्थान सरकारका वन एवं पर्यावरण मन्त्री श्री सञ्जय शर्मा, 17औं माउन्टेन डिवीजन जीओसी मेजर जेनरल एम. एस. राठौरको विशेष उपस्थिति रहेको थियो।

यात्राका क्रममा राज्यपाल श्री माथुरले डीचु गाउँमा स्थानीय जनतासित भेट गरी कुराकानी गर्नुभएको थियो। राज्यपालले, गाउँले जनताको समस्या समाधानको आवश्वासन पनि दिनुभयो।

राज्यपालले आठ माइलस्थित क्योसाला ग्राम पञ्चायतमा बिरुवा रोप्नका साथै पञ्चायत सदस्य अनि स्थानीय मानिसहरूसित क्षेत्रको विकास र पर्यावरण संरक्षणका विषयमा कुराकानी गर्नुभयो।

भ्रमणको क्रममा उहाँले कुपुप स्थित विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको गोल्फ कोर्सको पनि भ्रमण गर्नुभयो।

## उत्तर सिक्किमको लाचुङ-कटाओ सडकमा रहेको बेली ब्रिज क्षतिग्रस्त

उत्तर सिक्किमको लाचुङ-कटाओ सडकमा रहेको दुई सय फिटको बेली ब्रिज क्षतिग्रस्त भएको छ। ओभरलोड वाहनको भार थाम्न नसकेको कारण उक्त ब्रिज भत्किएको बताइएको छ।

यद्यपि ,भत्किएको पुल नजिकैको वैकल्पिक पुल प्रयोग  गर्न सकिने लाचुङका पिपोनले बताउनुभयो भएको छ। उहाँले 5 मिनेटको दुरीमा हिडेर होटलहरू सम्मपुग्न सकिने र पर्यटकहरुलाई कुनै समस्या नहुने भएकोले  सम्बन्धित निकायलाई permit सधैँ झै जारी गर्न अनुरोध गर्नुभएको छ। सन् 1999 मा निर्माण भएको यो ब्रिजले लाचुङ नदी पारी रहेको लाचुङ गाउँको आधा भाग जोड्दछ भने यो लाचुङदेखि काटाओसम्म पुग्ने एक मात्र रूट पनि हो।

**अभिष्टा बस्नेत**

अखिल भारतीय फुटबल महासंघ AIFF द्वारा आयोजित भारतीय under -17 महिला राष्ट्रिय टीमको ट्रायल्समा सिक्किमकी सुश्री अभिष्टा बस्नेत चयन भएकी छन्। उनी यो प्रतिष्ठित अवसरका लागि चयन हुने सिक्किमकी एकमात्र खेलाडी हुन्। ट्रायल्स दस जनवरी देखि 20 जनवरीसम्म कर्नाटकको बेंगलुरुस्थित द स्पोर्ट्स स्कूलमा आयोजना हुनेछ।

**WEATHER**

राज्यमा अहिले दिन घमाईलो भएर आकाश खुल्ला भए तापनि विहान र बेलुकीको समयमा तापमानमा केही कमी देखिएकोले मानिसहरूले चिसो अनुभव गरिरहेका छन्।

स्थानीय मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार बितेको 24 घण्टामा गान्तोक वर-परका क्षेत्रमा न्यूनतम तापक्रम आठ दशमलव चार डिग्री सेल्सियस रेकर्ड गरियो भने अधिकतम तापक्रम सोलह दशमलव चार डिग्री सेल्सियस रेकर्ड गरियो।

**□ काशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पुरा भयो**